मा. आरती पौडेल
मन्त्री

# बाख्राको ब्रिडर र मल्टिप्लायर हर्ड कार्यक्रम सञ्चालन विधि, २०७६

**प्रस्तावना** :व्यावसायिक बाख्रापालन तर्फ कृषकहरुको बढ्दो आकर्षणका साथै दलित,महिला,जनजाती तथा विपन्न वर्गको आयआर्जनमा टेवा पुर्याउन रोजगार श्रृजना गर्दै गरीवी न्यूनिकरणका लागि साना पशुपालक कृषकहरुको व्यावसायीकरण गर्न स्थानीय बाख्राहरुको छनौट प्रक्रियाबाट सो बाख्राको वंश सुधार गर्दै जाने तथा स्थानीय बाख्रासँग क्रस गरी वर्णशंकर बोका तथा पाठा पाठी उत्पादन गर्ने गरी श्रोत केन्द्र स्थापना गर्न विभिन्न जिल्लामा वितरण भएका शुद्ध बाख्राबाट उत्पादन भएका उच्च नश्लका बोका/बाख्रा मल्टीप्लायर हर्डमा वितरण गर्दै बाख्राको उत्पादन वृद्धि गर्न र उल्लेखित श्रोत केन्द्रबाट भविष्यमा स्थानीय शुद्ध नश्लको तथा वर्णशंकर बोका/बाख्रा देशका अन्य क्षेत्रमा समेत वितरण गर्दै क्रमिक रुपमा देश भित्र मासुको मागलाई आपूर्ति गर्दै आयात प्रतिस्थापन गर्ने उद्देश्यले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकायको स्वीकृत कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यक्रम सञ्चालन विधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यक्रम सञ्चालन विधिको नाम "ब्रिडर हर्ड /मल्टिप्लायर हर्ड कार्यक्रम सञ्चालन विधि, २०७६" रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन विधिमा :-

(क) "कार्यक्रम" भन्नाले समुदायको व्यवस्थापनमा आधारित बाख्रा ब्रिडर हर्ड (Breeder Herd) र मल्टिप्लायर हर्ड (Multiplayer Herd) मार्फत प्रजनन गराई बाख्राको उत्पादकत्व र गुणस्तर सुधार गर्ने सञ्चालित कार्यक्रम सम्झिनु पर्छ।

(ख) "कार्यक्रम सञ्चालन विधि"भन्नाले बाख्राको ब्रिडर हर्ड र मल्टीप्लायर हर्ड कार्यक्रम सञ्चालन विधि, २०७६ सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले यस कार्यक्रम सञ्चालनको लागि कृषक समूह/समिति द्वारा स्थापना गरिएको कोष सम्झनु पर्छ।

(घ) "कृषक" भन्नाले ब्रिडर हर्ड, मल्टिप्लायर हर्ड तथा बाख्रा अनुसन्धान केन्द्रको प्रत्यक्ष रेखदेखमा स्थापना भएका बाख्रा स्रोत केन्द्रमा आवद्ध कृषक सम्झनु पर्छ।

मा. आरती पौडेल
मन्त्री

(ङ) "बोका बाख्रा छनौट समिति" भन्नाले बोका बाख्रा छनौटका लागि अनुसूची-१ बमोजिम सम्बन्धित निकायहरुको प्रतिनिधित्व हुने गरी गठित कार्यदल वा समिति सम्झनु पर्छ।

(च) "बाख्रा ब्रिडर हर्ड (Breeder Herd)" भन्नाले छनौट गरिएका स्थानीय बाख्रा वा शुद्ध नश्लवाट स्थानीय बाख्रामा प्रजनन गराई वर्णशंकर बाख्राको प्रजननको कार्यक्षेत्र तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट तोकिएको कार्य क्षेत्रलाई सम्झनु पर्छ।

(छ) "मल्टीप्लायर हर्ड (Multiplayer Herd)" भन्नाले ब्रिडर हर्डबाट छनौट गरिएका स्थानीय, वर्णशंकर बाख्रा बोका वितरण गरी बाख्राको वंश/जातीय गुणस्तर सुधार गर्ने कार्य क्षेत्र सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले स्रोतकेन्द्रमा आवद्ध कृषक समूह/समिति सम्झनु पर्छ।

(झ) "सेवा केन्द्र" भन्नाले कार्यक्रम सञ्चालित क्षेत्रमा रहेको सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा सम्झनु पर्छ।

(ञ) "स्रोतकेन्द्र" भन्नाले खण्ड (च) र (छ) मा उल्लेख एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रत्यक्ष रेखदेखमा स्थापना भएका बाख्रा स्रोत केन्द्र सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) कार्यक्रम सञ्चालन गरिने कार्य क्षेत्रमा स्थानीय हावापानी सुहाउँदो हुने गरी छनौट गरिएका स्थानीय बाख्राको वंश/नश्ल सुधार गर्न बोका/बाख्राको उपलब्धता बढाउने,

(ख) कृषक समुदायमा दिगो र सहभागितामूलक बाख्राको बंश/ नश्ल सुधार प्रणाली स्थापित गर्ने,

(घ) कृषकहरुमा बाख्रापालनका वैज्ञानिक प्रविधि तथा व्यवस्थापन अनुशरणका लागि ब्रिडर हर्ड र मल्टीप्लायर हर्डलाई आधारभूत पाठशालाको रुपमा विकास गर्ने,

(ङ) बाख्रापालनलाई व्यावसायिकरण गरी मासु आयातलाई प्रतिस्थापन गर्न सहयोग पुऱ्याउने, र

मा. आरती पौडेल
मन्त्री

(च) ग्रामीण स्वरोजगार तथा आयआर्जन श्रृजनामा सहयोग पुराउने।

४. **कार्यनीति :** दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि देहायको कार्य निति अपनाईने छः-

(क) निजी बाख्रा फार्म, कृषक, समुदायमा आधारित समूह, समिति र सहकारी संस्था मार्फत एक पकेट क्षेत्र एक उत्पादनको रुपमा बाख्रा बंश/नश्ल सुधार केन्द्रहरु स्थापना तथा विस्तार गर्दै लगिनेछ।

(ख) बाख्राको उत्पादन मापदण्डको अभिलेखिकरण, विश्लेषण र छनौट प्रकृयाको अवलम्बनबाट नश्ल सुधार गर्दै लगिनेछ।

(ग) बाख्राको वंश/नश्ल सुधार गर्न पकेट क्षेत्रमा बाख्रापालन गरिनेछ।

(घ) ब्यावसायिक बाख्रापालनका लागि चाहिने व्यवस्थित खोर,बंश/नश्ल सुधार, आहारा, स्वास्थ्य, बजार व्यवस्थापन एवं कृषकको क्षमता अभिवृद्धिका कार्यक्रमहरुको प्याकेज उपलब्ध गराई नमूना बाख्रापालनको रुपमा बाख्रा स्रोतकेन्द्रको विकास गरिनेछ।

(ङ) उक्त क्षेत्रमा स्थापित समूह समितिले स्थानीय तहसँग समन्वय गरी यस कार्यक्रमलाई निरन्तरता दिईनेछ। ।

(च) हाडनाता प्रजनन रोकी नियन्त्रित प्रजनन, बोका साटासाट, बोका स्थानान्तरण तथा आवश्यकता अनुसार खसी पार्ने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-२

## कार्यक्रम सम्बन्धी व्यवस्था

५. **कार्यक्रम लागु हुने स्थान**:- यो कार्यक्रम प्रदेश नं. ५ भरि लागु हुनेछन् :-

६. **पालना गर्नु पर्ने शर्तहरु** : समूह/समित/सहकारीले देहायको शर्तनामाहरु पालना गर्नु पर्नेछ :-

(क) बोकालाई बधुवा पालनमा पाल्नु पर्ने छ।

(ख) बोकालाई उपयुक्त खोरमा राखी खोरको नियमित रुपमा सरसफाई गर्नु पर्ने छ।

(ग) सन्तुलित दाना बनाई बोकाको उमेर, शारीरिक अवस्था र प्रजनन सिजनलाई मध्यनजर गरी प्राविधिकको सल्लाह अनुसारको परिणाममा दैनिक रुपमा दाना खुवाउनु पर्ने छ।

(घ) प्राविधिकको सल्लाह अनुसार खोप, परजीवी नियन्त्रणको तथा विमा व्यवस्था गर्नु पर्ने छ।

(ङ) बोका र बाख्रा विरामी परेको अवस्थामा समूहका पदाधिकारी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालिका / गाउँपालीकाको पशु सेवा शाखालाई जानकारी गराई औषधी उपचारको व्यवस्था गराउनु पर्नेछ।

(च) समूह तथा अन्य कृषकहरुको बाख्रालाई प्रजनन गराए वापतको शुल्क समूहले गरेको निर्णय अनुसार लिने सकिनेछ।

(छ) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले उपलब्ध गराएको फर्मेटमा प्रजनन अभिलेख राख्नु पर्नेछ साथै अभिलेख नियमित रुपमा सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(ज) बोकाको प्रजनन अभिलेख नराखेमा, बोका लगाएर जन्मेका पाठापाठीको जन्म तौल र १० महिनासम्मको मासिक तौलको अभिलेख नपठाएमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र पशु सेवा शाखाले कुनै पनि समयमा बोका फिर्ता लैजान सक्ने छ।

(झ) वितरण गराईएका बोका रोगी, बुढा तथा असक्त भई हटाउनु परेमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालीका/गाउँपालिकाको पशु सेवा शाखालाई जानकारी गराई स्थानीय निकायका प्रतिनिधिको उपस्थितिमा समूह/समिति/सहकारीको निर्णय गरेर मात्र बिक्री गर्न सकिने छ। बिक्री गरेको रकमबाट बेचेको १५ दिन भित्र खरिद गरी प्रजनन व्यवस्थापन कार्यलाई निरन्तरता दिनु पर्नेछ।

(ञ) भवितव्य परी मृत्यु भएमा समूहका पदाधिकारी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्थानीय तहको पशु सेवा शाखालाई जानकारी गराई पोष्टमार्टम गराउनु पर्नेछ।

(ट) समूहमा नियमित मासिक बैठक बसी सामूहिक बचत परिचालन तथा सम्पूर्ण समूहको बाख्रा र बोका बिक्रीबाट आएको रकमको आय ब्यय विवरण सार्वजनिक गरी रेकर्ड राख्नु पर्नेछ।

(ठ) समूह/समिति/सहकारी भित्र पालिएका बोका र बाख्राको अनिवार्य रुपमा नियमित विमा गर्नु पर्नेछ।

७.ब्रिडर हर्डमा छनौट गरी उत्पादन भएका स्थानीय / वर्णशंकर बोका तथा बाख्रा छनौट तथा वितरणका आधारहरु:

(१) दफा ६ को प्रयोजनका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा कार्यक्रम सञ्चालन विधि अनुसार गठन भएको स्थानीय वा वर्णशंकर बोका बाख्रा छनौट अनुसूची-१ बमोजिमको समितिले देहाय बमोजिम गर्नेछ :-

मा. आरती पौडेल
मन्त्री

(क) ब्रिडर हर्ड क्षेत्रमा तथा अन्य श्रोत केन्द्रमा स्थलगत अनुगमन गरी उत्पादित छनौट गरिएका स्थानीय वा वर्णशंकर बोका बाख्रा छनौट गर्नु पर्नेछ।

(ख) बोकाहरुको प्रजनन विवरणको तथ्याङ्क भएको ब्रिडर हर्डबाट मात्र मल्टिप्लायर हर्डमा बोका बाख्रा वितरण गरिने छ।

(ग) घाँस विकास, खोर निर्माण तथा सुधार र समुदाय मार्फत अन्य आवश्यक व्यवस्थापन भएको मल्टिप्लायर हर्डमा बोका/बाख्रा वितरण गरिने छ।

(घ) स्थापित मल्टिप्लायर हर्ड क्षेत्रमा कम्तिमा ५०० प्रजनन योग्य माउ बाख्रा छनौट हुनु पर्नेछ।

(ङ) बोका/बाख्रा वितरणको लागि छनौट गरिएको क्षेत्रमा अन्य बाख्रा विकासका पुर्वाधारहरु समेत विकास भएको हुनु पर्नेछ।

(२) ब्रिडर हर्ड/मल्टिप्लायर हर्डमा उत्पादन भएका स्थानिय छनोट गरिएका/वर्णशंकर बोका तथा बाख्रा खरिदका लागि जिउँदो तौलको आधारमा खरिद बिक्री कर्ता बीचको आपसी समझदारीमा मूल्य निर्धारण गर्न सकिनेछ।

## परिच्छेद-३

## सेवा सञ्चालन सम्बन्धी व्यवस्था

९.सेवा सञ्चालन प्रकृया:- कार्यक्रमको सेवा सञ्चालन प्रकृया र कार्यक्रम सञ्चालनमा आवश्यक पर्ने सामाग्री तथा उपकरणहरु अनुसूची-२ अनुसार हुनेछ।

१०. कृषक वा समूह/समिति/सहकारी छनौट: दफा ७ बमोजिम छनौट गरिएको क्षेत्रमा कार्यक्रम सञ्चालनको लागि कार्यक्रमको लक्ष्य अनुसार बोका/बाख्रा वितरण गर्न कृषक/समूह/समिति/सहकारी छनौट प्रकृया देहाय बमोजिम हुनेछ :-

(क) दश वर्षभन्दा अधिक समय बाख्रापालन गरेको कृषकलाई प्राथमिकता दिनुपर्नेछ।

(ख) बधुवा प्रणालीमा बाख्रापालन गर्ने कृषकहरुलाई प्राथमिकता दिनुपर्नेछ।

(ग) सम्भाव्यताको आधारमा समुदायका युवा र महिला कृषकहरुलाई समावेश गर्नुपर्नेछ।

(घ) कृषक समूहमा कम्तिमा २० देखि २५ जना सदस्य हुनुपर्नेछ।

(ङ) कार्यक्रम निरन्तरताको लागि समूह/समिति/सहकारीलाई पशु विकास सहकारीको रुपमा रुपान्तरण गर्न सकिनेछ।

(च) कृषक समूह/समिति/सहकारी/निजी फार्म विधिवत रुपमा सम्बन्धित तहमा दर्ता गर्नुपर्नेछ।

मा. आरती पौडेल
मन्त्री

(छ) नयाँ कार्यक्रम सञ्चालन हुने जिल्लामा ब्रिडर हर्ड स्थापना गरी बोका बितरण गर्दा अनुसूची –९ (क)आर्थिक मापदण्ड अनुसार र मल्टिप्लायर हर्ड स्थापना गरी बोका बितरण गर्दा अनुसूची-९(ख) आर्थिक मापदण्ड अनुसार हुनेछ ।

(ज) बाख्रा /बोका विस्तारको उद्देश्य तथा अवधारणमा कटिबद्ध रही नीति निर्देशन अनुसार कार्यक्रम सञ्चालन गर्न कृषकहरुको प्रतिवद्धताको सुनिश्चितताको लागि अनुसूची-३ अनुसार सम्झौता गराउनु पर्नेछ।

(झ) बोका/बाख्रा पालन क्षेत्रको समस्या समाधान तथा यसको उचित व्यवस्थापनका लागि समूह/समिति/सहकारीमा आवद्ध कृषकहरुले प्रत्येक समूहबाट २/२ जना सदस्य प्रतिनिधित्व हुने गरी व्यवस्थापन तथा परिचालन समिति गठन गर्नु पर्नेछ।

(ञ) कार्यक्रमको दिगो व्यवस्थापनको लागि स्थानीय तहको सहभागितामा सरोकारवाला निकायहरुलाई समेटेर सल्लाहकार तथा अनुगमन समिति गठन गरी परिचालन गर्नु पर्नेछ।

(ट) बाख्राको लागि घाँस तथा डाले घाँस लगाएको कृषकलाई बिशेष प्राथमिकता दिनुपर्नेछ।

११. <u>कार्यक्रम अभिमूखीकरण गोष्ठी सञ्चालन</u> :कृषक, स्थानीय तह, सरोकारवाला निकाय, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका प्रतिनिधिहरुको संलग्नतामा आवश्यकता अनुसार अभिमूखिकरण गोष्ठी सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रमको अवधारणा, उद्देश्य, सञ्चालन हुने क्रियाकलाप, कार्यक्रम सञ्चालनमा विभिन्न सरोकारवालाहरुको जिम्मेवारी र अपेक्षित प्रतिफल बारे कृषकहरु तथा अन्य स्थानीय सरोकारवालाहरुलाई जानकारी गराउनु पर्नेछ।

(ख) बाख्राको वंश/नश्ल सुधार विकासको संभाव्यता र चुनौतिका विषयमा केन्द्रित भई गोष्ठी सञ्चालन गर्नु पर्नेछ।

१२. <u>स्थापित हर्डमा कार्यक्रम व्यवस्था र परिचालन</u>:

(१) हर्डमा खोर निर्माण तथा सुधार, बाख्राको स्वास्थ्य व्यवस्थापन र आहारा ब्यावस्थापनको लागि घाँस विकास कार्य भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र एवं स्थानीय तहको पशु सेवा शाखा मार्फत कार्यक्रम सन्चालन हुनेछ।

मा. आरती पौडेल
मन्त्री

(२) खोर निर्माण तथा सुधारको लागि छुट्याइएको रकम परिचालनबाट प्रचलित मापदण्ड पुरा गरी नयाँ खोर निर्माण वा भैरहेको खोरको मर्मत सुधार गर्न सकिनेछ।

(३) घाँस विकास तथा बाख्राको स्वास्थ्य व्यवस्थापनको लागि छुट्याईएको रकमले पशु सेवाको स्थानीय निकाय मार्फत वा समन्वयमा आवश्यक घाँस विकास विस्तार कार्य र औषधी तथा खोपको व्यवस्था गरी कार्यक्रमलाई दिगो बनाईनेछ।

(४) नयाँ कार्यक्रम सञ्चालनको हकमा पहिलो वर्षमा घाँसको नर्सरी र स्रोत केन्द्र स्थापनाको लागि कार्यक्रम पशु सेवाको स्थानीय निकाय मार्फत वा समन्वयमा उपलब्ध गराईने छ। साथै घाँस विकासको लागि अनुसूची-४ अनुसारका हावापानी सुहाउँदो डाले तथा भुँई घाँसको बीउ/बेर्ना पहिलो ३ वर्षसम्म उपलब्ध गराउन सकिनेछ। यसै गरी बाख्राको स्वास्थ्य व्यवस्थापनको निमित्त आवश्यक पर्ने परजीवी नियन्त्रणका औषधी तथा संक्रामक रोग विरुद्धका खोप उपलब्ध गराउन सकिने छ।

१३. <u>बाख्राको वंश/नश्ल सुधार तथा प्रजनन व्यवस्थापनः</u>

(१) मध्य पहाडी क्षेत्रको लागि शुद्ध खरी वा जमुनापारी, बारबारी, बोयर, आदि जातका ५० प्रतिशत वर्णशंकरबाट स्थानीय बाख्रामा नश्ल सुधार वा स्थानीय बाख्रा छनोट गरी बाख्राको उत्पादकत्वमा बृद्धि गरीनेछ। मल्टीप्लायर हर्ड सञ्चालन तथा व्यवस्थापन समितिले कृषकसँग अनुसुची-५ अनुसार प्रजनन बोकाको शर्तनामा गराउन सक्नेछ ।

(२) उत्पादन क्षमता न्यून भएका प्रजनन बोकालाई खसी पार्न वा हटाउन विशेष अभियान सञ्चालन गरिनेछ।

(३) मल्टीप्लायर हर्डमा हाडनातामा हुने प्रजनन रोकथामको लागि ३० देखि ५० माउ बाख्रा बराबर १ बोका हुने गरी सम्बन्धित तहको स्वीकृत कार्यक्रम अनुसार ब्रिडर हर्डमा उत्पादन भएका बोका साटासाट गर्नु पर्ने छ ।

(४) माउबाट दुध छुटाउने समयमा पाठा र पाठीलाई अलग गरिने व्यवस्था मिलाउनु पर्नेछ।

(५) छनौट प्रकृयामा रहेका पाठाहरुको हकमा हाडनाताबाट हुने प्रजनन रोक्न आवश्यक व्यवस्था गर्नु पर्नेछ र छनौट गरी सके पछि अयोग्य पाठालाई खसी पार्नु वा हटाउनु पर्नेछ।

१४. <u>बाख्राको अभिलेखिकरण, तथ्याङ्क विश्लेषण तथा छनौट प्रकृया</u> :बाख्रा छनौट प्रकृयाको व्यवस्था देहाय बमोजिम हुनेछ :-

मा. आरती पौडेल
मन्त्री

(क) **बाखाको पहिचानः** बाखा संख्याको आधारमा उपलब्ध गराइने ट्याग तथा ट्यागिङ्ग मेशिनबाट हर्डका सम्पूर्ण माउबाखा /बोका तथा पाठापाठीलाई अनिवार्य रुपमा ट्याग लगाउनु पर्नेछ।

(ख) **अभिलेखिकरणः** हर्डलाई उपलब्ध गराइने अनुसूची-६ अनुसारको माउ बाखाको अभिलेख फारम कृषकले भरि सुरक्षित राख्नु पर्नेछ। कृषकले भरेका अभिलेख दुरुस्त भए नभएको तोकिएको प्राविधिकले पुनरावालोकन गर्नु पर्नेछ।

(ग) **अभिलेख तथा तथ्याङ्क पेश गर्नु पर्नेः-**

(१) पहिलो चरणः- पाठापाठीको ३ महिनाको उमेरसम्म लिइएको अभिलेख/तथ्याङ्क कृषकहरुबाट संकलन गरी तोकिएको प्राविधिकले ७ दिन भित्र सम्बन्धित तहमा पेश गर्नुपर्नेछ।


(२) दोस्रो चरणः- पहिलो चरणमा जस्तै पाठापाठीको उमेर ५ महिना भएसम्म लिइएको अभिलेख/तथ्याङ्क कृषकबाट संकलन गरी प्राविधिकले ७ दिन भित्र सम्बन्धित तहमा पेश गर्नुपर्नेछ।

(घ) **तथ्याङ्क अध्यावधिक गर्नेः** कृषकबाट संकलन गरिएको तथ्याङ्कलाई सहजकर्ताले उपलब्ध सफ्टवयरमा प्रविष्ट गराई विश्लेषण गर्नुपर्नेछ वा त्यहाँ सो गर्न सम्भव नभएमा सो कार्यका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(ङ) **बाखा तथा बोकाको छनौट प्रकृयाः** बंश/नश्ल सुधारको लागि बोका, बाखाको तौल, वृद्धिदर, जन्मने पाठापाठीको संख्यालाई मुख्य आधार मानिनेछ। कृषकले पालेका बाखा, बोका तथा तिनका पाठापाठीको अभिलेख राखि सो को निर्धारित मापदण्डको आधारमा तथ्याङ्क विश्लेषण गरी उच्च उत्पादन क्षमता भएका बोका/बाखाको पहिचान तथा छनौट गरेर प्रजननको लागि प्रयोगमा ल्याईनेछ। पाठापाठीको पहिलो ३ महिनाको तौल र माउ बाखाको जुम्ल्याहा पाउने गुणलाई मुख्य आधार मानि प्रजनन बोका र माउ बाखाको छनौट गरिनेछ। पाठापाठीको हकमा पहिलो ३ महिनाको तौल, ५ महिनाको तौल र जुम्ल्याहा गुणलाई मुख्य आधार मानि छनौट गरिनेछ। सेलेक्सन इन्टेन्सिटि (selection intensity) कृषकहरुसँग छलफल गरी बढीमा बोकाको वर्ण शंकरको हकमा ३० देखि ५० प्रतिशत र पठ्यांग्रीको लागि ५० प्रतिशतसम्म हुने गरी निर्धारण गर्नु पर्नेछ। छनौट प्रकृया देहायको चार्टमा प्रस्तुत भए अनुसार हुने छ :–

मा. आरती पौडेल
मन्त्री

माउ बाख्रा/बोका/पठ्यांग्रीको छनौट योजना बिधि




१५. <u>प्रजननका लागि छनौट भएका बाख्रा र बोका</u> :प्रजननका लागि छनौट गरिएका बोका तथा पठ्यांग्री मध्ये उत्कृष्ट १० प्रतिशत बोका र २० प्रतिशत पठ्यांग्रीलाई सोही हर्डको बथानमा राख्नु पर्नेछ। उक्त बोका तथा पठ्यांग्रीमा हाडनाताको प्रजननलाई नियन्त्रण गर्ने प्रजनन योजना बनाउनु पर्नेछ। छनौट भएका बाँकी बोका तथा पठ्यांग्रीलाई प्रजननका लागि बिक्री वितरण गर्ने व्यवस्था गर्नु पर्नेछ।प्रजनन बाख्रा र बोकामा हुने गुणहरु अनुसूची-७ अनुसार हुनेछ।

१६.कार्यक्रम सञ्चालनमा विभिन्न निकाय तथा सरोकारवालाहरुको जिम्मेवारी अनुसूची -८ अनुसार हुनेछ ।

मा. आरती पौडेल
मन्त्री

१७. <u>बाख्राको बजार व्यवस्थापन</u> : हर्डमा उत्पादित बोका बाख्राको बजारीकरणको लागि देहाय बमोजिमको व्यवस्था गरिने छ :-—

(क) हर्ड सञ्चालन समितिले बजार व्यवस्थापन उप-समिति गठन गर्नेछ र सो कार्यको लागि कृषि उद्यम केन्द्रले सहजीकरण गर्नेछ।

(ख) बजार व्यवस्थापन उप-समितिले हर्डबाट बिक्री योग्य बाख्राहरुलाई प्रजनन र मासुका लागि छुट्टा छुट्टै इन्भेन्ट्री तयार गर्ने र प्रजनन बोका, प्रजनन माउ बाख्रा, खसी, छटनी गरिएका माउ र पाठापाठीहरुको बिक्री मुल्य निर्धारण गर्नेछ।

(ग) बाख्राको बजारीकरणका लागि आवश्यकताको आधारमा कृषक समुदाय वा सामुदायिक संघ संस्था वा अन्य सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यमा बाख्रा संकलन केन्द्र स्थापना गर्न सकिने छ।

(घ) बाख्राहरुको बिक्री वितरणको लागि हर्ड र बाख्रा विकासमा संलग्न सरकारी तथा गैरसरकारी संघ संस्था एवं कृषकहरु बीचमा समन्वयको कार्य कृषि उद्यम केन्द्रले गराउने छ।

१८. **सहजकर्ता सम्बन्धी व्यवस्था** : कार्यालयले हर्ड सञ्चालनको लागि प्रचलित कानून बमोजिम सहजकर्ता नियुक्त गर्न सक्नेछ।

१९. **सहजकर्ताको योग्यता** :सहजकर्ताको योग्यता देहाय बमोजिम हुनेछः-

(क) भेटेरिनरी जे.टि.ए.पास गरेको हुनुपर्नेछ।
(ख) पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।
(ग) नेपाली नागरिक हुनुपर्नेछ।
(घ) अनुभविलाई विशेष प्राथमिकता दिईने छ।

२०. **सहजकर्ताको नियुक्तीः** सहजकर्ताको नियुक्ती प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) सहजकर्ता छनौटका लागि राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गरिने छ।

(ख) पशु बिज्ञान विषयमा कम्तिमा १५ महिनाको तालिम प्राप्त भएको हुनु पर्नेछ र प्राप्त गरेको नम्वरको आधारमा सबै निवेदकहरुको योग्यता सूचि (Merit List) तयार पारिने छ।

(ग) नियुक्ती गर्नुपर्ने आवश्यक संख्याको आधारमा दुई गुणा आवेदकको सूची तयार गरी अन्तरवार्तामा बोलाईनेछ।

मा. आरती पौडेल
मन्त्री

(घ) शैक्षिक योग्यताको गणना गर्दा जे.टि.ए. तालिमको शतप्रतिशत पुर्णाङ्क प्राप्त गरेकोलाई ६० अङ्कभार कायम गरी त्यसकै आधारमा उम्वेदरवारको अङ्क गणना गरिने छ। अनुभवका लागि अङ्क गणना गर्दा १ वर्ष वा सो भन्दा वढि भए ६, २ वर्ष वा सो भन्दा वढी भए ८ अङ्क, ३ वर्ष वा सो भन्दा वढी भए १० अङ्क, गणना गरिने छ। भने स्थानीय काम गर्ने जिल्लाको उम्वेदवारलाई ५ अङ्क र महिलाको हकमा ५ अङ्क थप गर्ने ब्यवस्था हुनेछ।

(ङ) अन्तरवार्ताको २० अङ्कभार मध्ये व्यक्तित्व काम गर्ने प्रतिबद्धता र सम्वन्धित विषयको ज्ञान मापन गर्ने गरी व्यवस्थापन समितिले अन्तरवार्ता सम्वन्धि मापदण्ड बनाई अन्तरवार्ता लिन लगाउने र अङ्क निर्धारण गर्नुपर्ने छ।

(च) अन्तरवार्तको अङ्क प्राप्त भएपछि जे.टि.ए. पासको शैक्षिक योग्यताको प्राप्ताङ्कमा अनुभवको प्राप्ताङ्क र अन्तरवार्ताको अङ्क समेत जोडी १०० पुर्णाङ्कमा उम्वेदवारले प्राप्त गरेको कुल अङ्क निकाल्नु पर्नेछ।

(छ) कूल अङ्क निकाली सके पछि बढी अङ्क ल्याउने उम्वेदवारहरुको योग्यताक्रम सूचिका आधारमा आवश्यक संख्यामा नियुक्ती गर्ने र त्यस पछि बाँकी उम्वेदवारलाई बैकल्पिक योग्यताक्रम सूचिमा राखिनेछ।

(ज) नियुक्तीका लागि सिफारिस भएका उम्वेदवारले नियुक्ती नलिएमा वा एक वर्ष नपुग्दै छाडेमा बैकल्पिक योग्यताक्रममा उम्वेदवारलाई क्रमश नियुक्ती गर्दै लगिने छ।

(झ) छनौट भएका सहजकर्तासँग एक वर्षको (असार सम्म) करार सम्झौता गराईनेछ। र अर्को वर्ष आवश्यकता अनुसार नविकरण गरिने छ।

(ञ) सहजकर्तालाई नियुक्तीका लागि सहजीकरण गर्ने कार्य भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले मन्त्रालयसंग समन्वय गरी गर्नु पर्नेछ ।

२१.<u>पारिश्रमिक तथा सेवा सुविधा</u>:- सहजकर्ताको पारिश्रमिक प्रदेश सरकरको चौथो तहको शुरु तलवमानमा नबढ्ने गरी कार्ययोजनामा छुट्ट्याईएको रकम भित्र रहि सेवा सुविधा दिईने छ।

मा. आरती पौडेल
मन्त्री

परिच्छेद-४

## विविध

२२.अनुगमन तथा मुल्यांकन : हर्डहरुमा सञ्चालन भैरहेका गतिविधिहरु र विकास प्रकृयालाई नियमित रुपमा अनुगमन र मुल्यांकन गरिनेछ। अनुगमनका क्रममा देखिएका कमी कमजोरीलाई सुधार तथा सञ्चालित कार्यक्रमहरुमा थप पृष्ठपोषण हुने हिसाबले देहाय अनुसार गरिनेछ :-

(क) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र पशु सेवाको स्थानीय तहका प्राविधिकले नियमित रुपमा हर्डको अनुगमन तथा मुल्यांकन गरी सो को प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

(ख) हर्ड विकास कार्यक्रम सञ्चालित जिल्लाहरुमा निर्देशनालय तथा मन्त्रालयबाट नियमित अनुगमन तथा मुल्यांकन गरिनेछ।

२३.कार्यक्रम सञ्चालनमा विभिन्न निकाय तथा सरोकारवालाहरुको जिम्मेवारी: कार्यक्रम सञ्चालनमा विभिन्न निकाय तथा सरोकारवालाहरुको जिम्मेवारी अनुसूची-८ बमोजिम हुनेछ।

मा. आरती घोडेल
मन्त्री

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

**बोका /बाख्रा छनौट समिति**

संयोजकः– प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सदस्यः– पशु चिकित्सक, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र

सदस्यः- सम्बन्धित स्थानीय तहको प्राविधिक कर्मचारी

सदस्यः- सम्बन्धित विषय विशेषज्ञ, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

सदस्य सचिवः- पशु विकास अधिकृत, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

आवश्यकता अनुसार बढीमा ३ जना आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ।

मा. आरती पौडेल
मन्त्री

अनुसूची-२

(दफा ९ सँग सम्बन्धित)

कार्यक्रम सञ्चालन प्रकृयाको लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरु

१. टयाग र टयगिङ मेशिन
२. बर्डिजो क्याष्ट्रेटर
३. अभिलेख फारम
४. वइङ व्यालेन्स मेसिन
५. डिपिङ्ग टयांक
६. परजीवी नियन्त्रणका औषधीहरु
७. ड्रेन्चिङ गन
८. पि.पि.आर./सि. सि. पि. पि. लगायतका रोगहरु विरुद्धका खोपहरु
९. तथ्याङ्क विश्लेषणको सफट्वयर
१०. बाख्रालाई घाँस खान दिने र्‍याक
११. प्रविधि प्रचार प्रसारका सामग्रीहरु
१२. स्टेशनरी सामग्री
१३. घाँसको बीउ/बेर्ना
१४. दाना पानी खुवाउने भाँडा

पानी तथा घाँसमा सिंचाइ गर्नको लागि पाइप तथा पानी भण्डारण टयांकी।

१६ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले आवश्यक ठहर्‍याएका अन्य सामग्री तथा उपकरणहरु थप गर्नसकिने छ।

मा. आरती पौडेल
मन्त्री

अनुसूची-३

(दफा १० सँग सम्बन्धित)

**प्रजनन योग्य बोका/बाख्रा वितरणको लागि गरीने सम्झौता पत्र**

आज मिति...................... कार्यक्रम अन्तरर्गत बाख्राको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बोका/बाख्रा उत्पादन कार्यक्रम अन्तर्गत जिल्ला ................ गा.पा./न.पा. ................वडा नं. ..... टोल ............... मा गठन भएको......................जातका मल्टिप्लायर, ....................................र.................................... हर्ड,..................................... स्थलको ........................................................समूहमा बोकाबाट प्रजनन गराउने उदेश्यले कार्यक्रमबाट उपलव्ध गराईएको टयाग नं .........को शुद्ध/वर्णशंकर बोका समूहको मिति ......................को निर्णयानुसार सोहि समूहमा आवद्ध वडा नं.........टोल ...............निवासी म ....................................लाई उक्त बोकाको पालन पोषण र प्रजनन व्यवस्थापनको जिम्मेवारी दिएको हुँदा निम्न शर्तनामा अनुसार बोकाको व्यवस्थापन गर्ने गरी बुझिलिए।

शर्तहरु :-

१. बोकालाई बधुवा पालनमा पाल्नेछु।

२. बोकालाई उपयुक्त खोरमा राखि खोरको नियमित रुपमा सरसफाई गर्ने छु।

३. गाउंघरमा उपलव्ध हुने दानाको साथै मिनरल मिक्स्चरको समिश्रणबाट सन्तुलित दाना वनाई बोकाको उमेर, शारीरिक अवस्था र प्रजनन सिजनलाई मध्यनजर गरी प्राविधिकको सल्लाह अनुसारको परिमाणमा दैनिक रुपमा दाना खुवाउने छु।

४ आवश्यकता अनुसार पोषिलो हरियो घांस नियमित रुपमा खुवाउने छु।

५. प्राविधिको सल्लाह अनुसार खोप, परजीवी नियन्त्रणको व्यवस्था गर्नेछु।

६ विरामी परेको अवस्थामा समूहका पदाधिकारी/स्थानीय तहको पशु सेवा शाखा/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराई औषधी उपचारको व्यवस्था गर्ने छु।

७. समूह तथा अन्य कृषकहरुको बाख्रालाई प्रजनन गराए वापतको शुल्क समूहले निर्धारण गरे अनुसार लिने छु।

८. विज्ञ केन्द्रले उपलव्ध गराएको फर्मेटमा प्रजनन अभिलेख राख्ने छु साथै अभिलेख नियमित रुपमा सम्बन्धित निकायमा पठाउने छु।

९. माथि उल्लेखित वुंदा अनुसार बोकाको व्यवस्थापन नभएको अवस्थामा, बोकाको राम्रो पालन पोषण नभएमा वा प्रत्येक महिनाको अन्त्यमा बोकाको प्रजनन अभिलेख, बोका लगाएर जन्मेका पाठापाठीको जन्म तौल र ६ महिनासम्मको मासिक तौलको अभिलेख नपठाएमा वा हाडनाताबाट हुने प्रजनन गराएमा विज्ञ केन्द्रले कुनै पनि समयमा बोका फिर्ता लैजान सक्ने छ वा निर्देशन दिन सक्ने छ।

१० प्रति बाख्रा ५ देखि १० डाले घाँसको विरुवा अनिबार्यरुपमा रोप्नु पर्नेछ ।

मा. आरती पौडेल
मन्त्री

११ भवितव्य परी मृत्यु भएमा समूहका पदाधिकारी/स्थानीय तहको पशु सेवा शाखा/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराई पोष्टमार्टम गराउने छु।

१२. नियमानुसार अनिवार्य रुपमा बोकाको विमा गर्ने तथा विमा अध्यावधिक गर्ने कार्य गर्नेछु।

द्रष्टब्य :- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले आवश्यकता अनुसार उल्लेखित शर्तहरुमा थपघट गर्न सक्ने छ।

मा. आरती पौडेल
मन्त्री

अनुसूची-४

(दफा १२ सँग सम्बन्धित)

**बाख्रापालनको लागि सिफारीस मुख्यमुख्य डाँले तथा भूइं घाँसका जातहरु**

(क) डाले घाँसहरु :

(क) बडहर, काब्रो, खस्रे खन्यु, राई खन्यु,निमारो, दवदवे, कुटमिरो, कोइरालो, टाँकी, इपिल इपिल,

(ख) किम्बु, बकाईनो, पाखुरी, बेरुलो (गेडुलो),दुधिलो, गोगन, भिमल आदि।

(ख) भूईं घाँसहरु :

(क) बहुवर्षीय :-स्टाइलो, नेपियर, मुलाटो, मिन्दुला, सुम्बा सेटारिया, बदामे, ज्वाईन्ट भेच, डिस्मोडियम, विन केसिया, कुड्जु, अम्रिसो, सिग्नल, पास्पालम आदि।

(ख) हिउँदे (एक वर्षिय) :- जै,वर्षिम, भेच आदि।

(ग) वर्षे (एक वर्षिय) :- टियोसेन्टि, सुडान आदि।

(घ) कोषे :-स्टाइलो, मिन्दुला, बदामे, ज्वाईन्ट भेच, डिस्मोडियम, विन केसिया, कुड्जु, वर्षिम, भेच आदि।

(ङ) अकोषे :- नेपियर, मुलाटो, सुम्बा सेटरिया , पास्पालम, अम्रिसो, सिग्नल, जै, टियोसेन्टि, सुडान आदि।

मा. आरती चौधरी
मन्त्री

अनुसूची-५

(दफा १३ सँग सम्बन्धित)

**मल्टीप्लायर हर्ड सञ्चालन तथा व्यवस्थापन समितिले कृषकसँग गराउने प्रजनन बोकाको शर्तनामा**

भरपाई दादै आगे जिल्ला................गा.प./न.पा......................................... वडा नं.............निवासी म........................................ले आफ्नो र हर्ड क्षेत्रका कृषकहरुले पालेका बाख्राहरुमा प्रजनन सेवा उपलब्ध गराई बाख्राको विकास तथा विस्तार गर्न सहयोग गर्न ....................................कार्यालयबाट प्राप्त ट्याग नं.............को .................जातको प्रजनन योग्य बोका आज मिति ............ गतेका दिन निम्न शर्तमा बुझिलिई यो भरपाई गरीदिएं।

शर्तनामा

१. आफुले बुझिलिएको बोकालाई प्रजननको लागि मात्र प्रयोग गरी सो को अभिलेख नियमित रुपमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा सम्बन्धित स्थानीय निकायको पशु सेवा शाखामा बुझाउनेछु।
२. बोका विरामी भएमा नजिकको स्थानीय तह पशु सेवा शाखामा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा लगि समयमै उपचार गराउनेछु।
३. वर्षमा कम्तिमा ३ पटक परजिवी विरुद्ध उपचार गराउनेछु।
४. अचानक बोका मरेमा नजिकको स्थानीय निकाय पशु सेवा शाखामा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा लगि पोष्टमार्टम गराउनेछु।
५. कुनै लापर्वाहीका कारण बोका मरेमा सोही गुणस्तरको बोका आफ्नै खर्चमा व्यवस्था गरी सेवा पुराउनेछु।
६. यस क्षेत्रका कृषक समूहले पालेका बाख्राहरुमा आवश्यकता अनुसार प्रजनन सेवाको लागि बोका उपलब्ध गराउनेछु।
७. हाडनातामा हुने प्रजनन नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउने छु।
८. हर्ड सञ्चालन समितिले बोका व्यवस्थापनको लागि अन्य कृषकलाई दिन निर्देशन दिएको अवस्थामा सोको पालना गर्नेछु।
९. नियमानुसार अनिवार्य रुपमा बोकाको बिमा गर्ने तथा बिमा अध्याबधिक गर्ने कार्य गर्नेछु।

बोका बुझ्नेको दस्तखत :- बुझाउनेको दस्तखत :-

मितिः- साक्षी/रोहवर............................गा.पा./न.पा. निवासी

श्री..................................दस्तखत :-............................गा.पा./न.पा. निवासी

श्री..................................दस्तखत :-

प्रमाणित गर्ने :- कार्यालयका प्रतिनिधीको नाम :-

दस्तखत :- कार्यालय/समूह/समितिको छाप

ईति सम्वत..........साल..........महिना......गते ......रोज शुभम्।

मा. आरती घोडेल
मन्त्री

अनुसूची-६

(दफा १४ सँग सम्बन्धित)

## माउ बाख्राको अभिलेख फारमको नमूना

कृषकको :- ठेगाना

माऊ बाख्राको नाम वा संकेत : नश्ल टयागनम्बर :........जन्म मिति :........

माऊ बाख्राकोमाऊको नाम वा संकेत: ........ बाख्राको बाऊको नाम वा संकेत ........

पहिलो पटक बोका लाग्दाको मिति : ........ पहिलो पटक ब्याएको मिति : ........

माऊ बाख्राको बिगतको संक्षिप्त जानकारी : उल्टिने ( ) तुहिने ( ) बारम्बार रोग लाग्ने ( ) अन्य...............

| बेत नम्बर | बोका लागेको मिति | बोकाको ट्याग नं | ब्याएको मिति | तौल लिएको पटक | तौल लिएको मिति | पाठापाठीको(लिएको मिति)तौल (के.जी.मा) | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | | २ | | | ३ | | | |
| | | | | | | ट्या | लि | तौ | ट्या | लि | तौ | ट्याग | लि | तौ | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पांचौं महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |

मा. आरती पौडेल
मन्त्री

| बेत नम्बर | बोका लागेको मिति | बोकाको ट्याग नं | ब्याएको मिति | तौल लिएको पटक | तौल लिएको मिति | पाठापाठीको(लिएको मिति)तौल (के.जी.मा) | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | | २ | | | ३ | | | |
| | | | | | | ट्या | लि | तौ | ट्या | लि | तौ | ट्याग | लि | तौ | |
| | | | | पांचौं महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पांचौं महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पांचौं महिना | | | | | | | | | | | |

माउ बाखा बथानबाट हटेको मिति ...................... .................कारण मृत्यु भएको ( )

यदि मृत्यू भएको भए कारण रोग लागेर ( ) बिक्री गरेको () दुर्घटना वा जंगली जनावरकोआक्रमणबाट ( )

*द्रष्टब्य : कृषकले पाठाको जन्म तौल, तीन महिनाको तौल र पाँच महिनाको तौल गरी जम्मा ३ पटकतौल लिने ।*

आ. आरती पौडेल
मन्त्री

अनुसूची-७

(दफा १५ सँग सम्बन्धित)

प्रजनन बाख्रा/बोकामा हुने गुणहरु

(क) प्रजनन माउ बाख्रामा हुनुपर्ने गुणहरु

१. दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनु पर्ने।
२. माऊ बाख्राको माऊ (dam) र बाऊ(sire)को बीच नाता नभएको हुन पर्ने।
३. पहिलो पटक व्याउने उमेर बढीमा १७ महिनासम्म हुनु पर्ने।
४. कम्तीमा दुई वर्षमा ३ पटक व्याउने विशेषता भएको हुनु पर्ने।
५. छनौट गरिने बाख्राको जात अनुसार जातीय गुण प्रष्ट देखिने हुनुपर्ने।
६. राम्रो दूध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा,छिनो आकारको शारीरिक वनावट तथा कल्चौडो र थुन मिलेको हुनु पर्ने।
७. शारीरिक वनावटमा कुनै खोट नभएको, प्रजनन तथा अन्य रोग नभएको हुनु पर्ने।
८. छनौट गर्ने बाख्राले स्थानीय हावापानी सहन सक्ने र स्थानीय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनुपर्दछ।

(ख) प्रजनन बोकामा हुनुपर्ने गुणहरु

१. दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनु पर्ने।
२. बोकाको माऊ (Dam) र बाऊ (Sire) को बीच नाता नभएको हुनु पर्ने।
३. प्रजननको लागि छनौट गरीने बोका राम्रो दूध दिने माउबाट जन्मेको हुनुपर्ने।
४. आफ्नो दौतरीहरुको भन्दा बढी शारीरिक वृद्धि दर भएको छनौट हुनु पर्ने।
५. छनौट गरिने बोकाहरुको जात अनुसार जातीय गुण प्रष्ट देखिने हुनुपर्ने।
६. दुवै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनुपर्ने।
७. फुर्तिलो, दानापानी रुचाएर खाने, छाला, रौं सफा र चम्किलो, उमेर अनुसार शारिरिक वृद्धि भएको हुनुपर्ने।
८. चौडा छाती, सिधा तथा बलियो खुट्टा र टाउको तथा गर्दनको अनुपात मिलेको शरीर हुनुपर्ने।
९. प्रजनन सम्बन्धी रोग तथा अन्य रोगहरुबाट मुक्त हुनुपर्ने।
१०. वर्णशंकर बोकाको कम्तिमा ५० प्रतिशत जातीय गुण हुनु पर्ने।

मा. आरती पौडेल
मन्त्री

अनुसूची ८

(दफा १६ सँग सम्बन्धित )

कार्यक्रम सञ्चालनमा विभिन्न निकाय तथा सरोकारवालाहरुको जिम्मेवारी

१. हर्ड सञ्चालन समितिको जिम्मेवारी

(क) उपलब्ध गराइएको अभिलेख फारम अनिवार्य र नियमित रुपमा भर्ने, भर्न अभिप्रेरित गर्ने तथा सहयोग गर्ने।

(ख) अभिलेखको तथ्याङ्क पशु सेवा केन्द्रलाई उपलब्ध गराउने।

(ग) कार्यक्रम सञ्चालनमा सक्रिय रुपमा सहभागी बनि विज्ञ केन्द्र/पशु सेवा केन्द्रलाई सहयोग गर्ने।

(घ) विज्ञ केन्द्र/पशु सेवा केन्द्रसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने।

(ङ) हर्ड क्षेत्रमा वर्णशंकर बाख्रा विकास क्षेत्रको साइन बोर्ड सवैले देख्ने गरी राख्ने।

(च) सम्बन्धित टोल /वार्ड /गा.पा. तथा त्यसको वरिपरि खुल्ला चरनमा लगिने प्रजनन बोका चरनमा लैजान रोक लगाउने तथा कमसल बोका खसी पार्न तथा हटाउनको लागि सम्बन्धित ब्यक्ति तथा संस्थासँग समन्वय गरी हाडनाता प्रजनन (inbreeding) न्यूनीकरण गर्ने तर्फ आवश्यक पहल गर्ने।

(छ) समितिको हितकोष कोषको रकम बढाउन आर्थिक सहयोगको लागि विभिन्न निकायसँग समन्वय गर्ने।

(ज) समूह समितिमा आवद्ध सबै कृषकलाई पोषिला घाँस रोपण र विस्तारमा प्रोत्साहित गर्ने।

(झ) अन्य कृषकहरुलाई बाख्रापालन गर्न प्रोत्साहित गर्ने।

(ञ) बिक्री योग्य बाख्राहरुलाई प्रजनन र मासुका लागि छुट्टा छुट्टै इन्भेन्ट्री तयार गर्ने र प्रजनन बोका, प्रजनन माउ बाख्रा, खसी, छटनी गरिएका माउ र पाठापाठीहरुको बिक्री मुल्य निर्धारण गर्ने।

(ट) बाख्राको बजारीकरणको लागि सम्पर्क बढाउने।

(ठ) आफ्नो क्षेत्रको पशु सेवा केन्द्रसँग नियमित सम्पर्क एवं समन्वयमा रहने।

(ड) हर्ड क्षेत्र भित्रका समस्याहरु छलफल तथा समाधान गर्न मासिक रुपमा वैठक आयोजना गर्ने।

(ढ) मासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरि सम्बन्धित पशु सेवा केन्द्रमा पठाउने।

(ण) कार्यक्रम अवधि समाप्त भैसकेपछि पनि हर्ड सञ्चालनलाई निरन्तरता दिने।

२. स्थानीय तहका पशु सेवा शाखाको जिम्मेवारीः

(क) हर्ड लक्षित कार्यक्रम सञ्चालन गर्ने।

(ख) कृषक समूह/समिति गठन र हितकोषा सञ्चालनमा सहयोग गर्ने।

मा. आरती पौडेल
मन्त्री

(ग) हर्ड सञ्चालन क्षेत्रमा कृषक द्धारा उपलब्ध गराइएको तथ्याङ्कलाई सफ्टवयरमा प्रविष्ट गर्ने वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्रमा पठाउने।

(घ) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र हर्ड क्षेत्रमा ताकिएको प्राविधिकको समन्वयमा हर्ड क्षेत्रमा बाख्रापालनका प्रविधिहरुको अनुशरण गराउन कृषक पाठशाला सञ्चालनमा सहयोग पुराउने।

(ङ) कार्यक्रम सञ्चालन गर्न कुनै किसिमको अप्ठयारो आइपरे वा कुनै सल्लाह सुझाव भए भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई समय मै खवर गर्ने।

(च) हर्ड क्षेत्रको नियमित निरीक्षण, अनुगमन गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने।

(छ) हर्ड क्षेत्रवाट मासिक प्रगति संकलन गरी सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउने।

३ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको जिम्मेवारीः

(क) विधि अनुसारको कार्यक्रम तय गरी सञ्चालन गर्ने।

(ख) हर्ड विकासका लागि कृषक छनौट, समूह/समिति/सहकारी गठन गर्न सहयोग पुर्‍याउने।

(ग) हर्ड विकासमा केन्द्रिय निकायहरुसँग आवश्यक समन्वय गर्ने।

(घ) कार्यक्रम परिचालनमा सहयोग पुराउने।

(ङ) स्थानीय संचार माध्यमहरुबाट जनचेतना मूलक प्रचार प्रसार कार्यक्रमहरु सञ्चालन गर्ने।

(च) कार्यक्रमको निरन्तरताको लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जाने।

(च) हर्डको तथ्याङ्क उपलब्ध गराइएको सफ्टवयरमा इन्ट्री तथा विश्लेषण गरी बाख्रा छनौट प्रकृयामा सहयोग र समन्वय पुराउने।

(छ) बाख्राको जोखिम न्यूनिकरणका लागि कृषकहरुमा नेपाल सरकार द्वारा सञ्चालित बिमा कार्यक्रमको जनचेतना बढाउने।

(ज) हर्ड विकासका लागि सरोकारवाला निकायहरुबाट आवश्यक सहयोग जुटाउन पहल गर्ने तथा कृषक पाठशाला सँचालन गर्ने ।

(ज) नियमित रुपमा हर्ड क्षेत्रमा सञ्चालन गरिएका कार्यक्रमहरु अनुगमन तथा मुल्यांकन गर्ने। यस प्रकारका अनुगमनमा आवश्यकता अनुसार जिल्ला स्तरिय र स्थानीय तहलाई समेत समावेश गराउने।

(झ) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मन्त्रालयमा नियमित रुपमा मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने।

४. पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको जिम्मेवारीः

(क) कार्यक्रम सञ्चालनको लागि आवश्यक विधि,स्वीकृत नर्मस कार्यान्वयनमा ल्याउने।

(ख) आवश्यकतानुसार भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई विभिन्न परामर्श तथा अन्य सल्लाह सुझाव दिने।

मा. आरती पौडेल
मन्त्री

(ग) विभिन्न क्षेत्रमा सञ्चालित हर्डक्षेत्रहरु बीच समन्वय गराउने।

(घ) कृषकको माग, कार्य क्षेत्रको हावापानी र भौगोलिकताको आधारमा हर्डक्षेत्रमा उपयुक्त जातको बाख्रा सिफारिस गर्न, वंश/नश्ल सुधार तथा बाख्राको छनौट प्रकृयामा मापदण्ड निर्धारण गर्न र अनुसन्धानात्मक कार्यहरु गर्न नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गर्ने।

(ङ) हर्डक्षेत्रमा वर्णशंकर बाख्राको उत्पादन मापदण्ड निर्धारण, सम्बन्धित विश्व विद्यालयहरु तथा अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने।

(च) मन्त्रालयसँग समन्वय गरी कार्यक्रम सञ्चालनलाई प्रभावकारी बनाउने।

(छ) हर्डक्षेत्रको विकास कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने।

(ज) हर्डक्षेत्रहरुको नियमित रुपमा अनुगमन निरीक्षण गर्ने र सुधारको लागि पृष्ठपोषण दिने।

५. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारीः

(क) हर्ड क्षेत्रसँग सम्बन्धित कार्यविधि स्वीकृति, संशोधन तथा परिमार्जनका लागि सरोकारवाला निकायहरु सँग समन्वय गर्ने।

(ख) कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन गर्ने र गर्न लगाउने।

मा. आरती पौडेल
मन्त्री

अनुसूची - ९

आर्थिक मापदण्ड

**क. बाखा ब्रिडर हर्ड /बाखाको उत्पादन/उत्पादकत्व बृद्धिका कार्यक्रमको आर्थिक मापदण्ड**

| क.सं | विवरण | इकाई | परिमाण | प्रति एकाई लागत रु. | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बोका खरिद | संख्या | १ | ४०००० | | नयाँ कार्यक्रम पहिलोबर्ष प्रति बोका खरिदको लागि |
| २ | आन्तरिक र बाह्य परजिवी नियन्त्रणका लागि औषधी, लिभर टोनिक तथा मिनिरल सप्लीमेन्ट | पटक | २ | १००००० | २००००० | |
| ३ | डाले घाँसको नर्सरी व्यवस्थापन | पटक | २ | ५०००० | १००००० | पहिलो बर्षको लागिमात्र |
| ४ | हिउदे, वर्षे तथा बहुवर्षे घाँस वितरण (विउ, रुट ,स्लिप आदी) | पटक | २ | ५०००० | १००००० | पहिलो बर्षको लागिमात्र |
| ५ | टयागिङ्ग गरी रेकर्ड अध्यावधिक गर्ने | सख्या | १००० | ६० | ६०००० | नयाँ पाठापाठीको लागिमात्र |
| ६ | साईलेज निर्माण प्लास्टीक थैलोमा ५० के जी | सख्या | ३५० | २०० | ७०००० | |
| ७ | आकस्मिक उपचार सेवा | आ.अ. | १ | ३०००० | ३०००० | |
| ८ | भ्याक्सीनेसन (पि.पि.आर.,सि.सि.पि.पि. र इन्टेरोटोक्सीमिया )पारिश्रमिक समेत | पटक | १ | ५०००० | ५०००० | |
| ९ | सहजकर्ता नियुक्ती भेटेरिनरी जे टी ए | महिना | १२ | २५००० | ३००००० | |
| १० | खोर सुधार तथा मर्मत बोकापालक कृषक | संख्या | २० | ५००० | १००००० | |
| ११ | डिपिङ्ग टयांक खरिद गरी वितरण ढुवानी समेत | संख्या | २ | ५०००० | १००००० | |
| १२ | स्थलगत बाखापालन तालीम १ दिने | पटक | १ | १५००० | १५००० | |
| | जम्मा | | | | ११२५००० | |
| नोट | विज्ञ केन्द्रले प्रगति प्रतिवेदन पेश गर्दा आफ्नो कार्यक्षेत्र भित्रका बाखाको उत्पादकत्व बृद्धिका लागि सन्चालन भएका सम्पुर्ण हर्ड तथा पकेट प्याकेजको प्रगति समावेश गर्नु पर्नेछ। बाखाको हर्ड भन्नाले सम्पूर्ण जातका बाखाको बथानलाई जनाउनुका साथै पशु विमा अनिवार्य गर्नु पर्नेछ । | | | | | |

आ. आरती पौडेल
मन्त्री

## ख. बाख्रा मल्टीप्लायर हर्ड /बाख्राको उत्पादन/उत्पादकत्व बृद्धि कार्यक्रमको आर्थिक मापदण्ड

| क.सं | विवरण | इकाई | परिमाण | प्रति एकाई लागत रु. | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बोका खरिद | पटक | १ | ३०००० | | नयाँ कार्यक्रम पहिलोबर्ष प्रति बोका खरिदको लागि |
| २ | आन्तरिक र बाह्य परजीवी नियन्त्रणका लागि औषधी लिभर टोनिक तथा मिनिरल सप्लीमेन्ट वितरण | पटक | २ | ४०००० | ८०००० | |
| ३ | डाले घाँसको नर्सरी व्यवस्थापन | पटक | १ | ५०००० | ५०००० | नयाँ कार्यक्रम पहिलो बर्षको लागिमात्र |
| ४ | टयागिङ्ग गरी रेकर्ड अध्यावधिक गर्ने | सख्या | ५०० | ६० | ३०००० | नयाँ पाठापाठीको लागिमात्र |
| ५ | भ्याक्सीनेसन (पि.पि.आर.,सि.सि.पि.पि. र इन्टेरोटोक्सीमिया) पारिश्रमिक खर्च समेत | सख्या | १ | ५०००० | ५०००० | |
| ६ | बोका पाल्ने कृषकको रिपोटिङ्गको पारिश्रमिक | पटक | १२ | ५००० | ६०००० | |
| ७ | खोर सुधार तथा मर्मत बोका पालक कृषकलाई | संख्या | २५ | ५००० | १२५००० | |
| | जम्मा | | | | ३९५००० | |
| नोट | विज्ञ केन्द्रले प्रगति प्रतिवेदन पेश गर्दा आफ्नो कार्यक्षेत्र भित्रका बाख्राको उत्पादकत्व बृद्धिका लागि सन्चालन भएका सम्पुर्ण हर्ड तथा पकेट प्याकेजको प्रगति समावेश गर्नु पर्नेछ। बाख्राको हर्ड भन्नाले सम्पूर्ण जातका बाख्राको बथानलाई जनाउनुका साथै पशु विमा अनिवार्य गर्नु पर्नेछ । | | | | | |